समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०८/२४ बैठक संख्या: १४

बैठक प्रारम्भ समय: विहानको ८:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

**निर्णयहरु**

१. चालु आर्थिक बर्ष २०७९/०८० मा यस नगरपालिकाको बाह्रौ नगरसभाबाट स्वीकृत तथा प्रदेश र संघीय सरकारबाट यस नगरपालिका मार्फत संचालन गर्ने भनी तोकिएका विभिन्न योजना तथा कार्यक्रमहरु मिति २०७९ माघ मसान्तसम्म सम्झौता गरी सक्ने र उक्त अवधिसम्म सम्झौता नभएका योजना तथा कार्यक्रमहरु स्वत: समर्पण भएको मानिने समेत निर्णय गरियो ।

२. विगत आ.ब. २०७८/७९ मा उनसालिङ-अरुण बरुण जे.भी. सँग सम्झौता भई कभर्ड हल भवन निर्माण कार्य भई रहेको सन्दर्भमा उक्त भवनको वरिपरि रिटेनिङ वाल हाल्नु पर्ने, Back side wall मा पहिरो गएर Stone masionary wall हाल्नु परेको र माटो ढुवानी गर्ने कार्य लागत अनुमानमा छुटेको कारण उक्त कार्यका लागि खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सिर्जना भएकोले निम्नानुसार भेरिएशन आदेश खाँदबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२७ को उपनियम (१) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

खाँदवारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय खाँदवारी सङखुवासभा

प्रदेश नं. १

### भेरिएशन आदेश सम्बन्धी विवरण

| सि.नं. | विषय | विवरण |
|---|---|---|
| १ | योजना / कार्यालयको नाम : | **खाँदवारी नगरपालिका** |
| २ | ठेक्का नं. र नाम : | Contract No. :KMO/NCB/WORKS/13/078/079, Construction of Covered Hall Building Works, Khandbari-1 |
| ३ | डिजाइन कन्सल्टेन्ट प्राविधिकको नाम : | |
| ४ | सुपरभिजन कन्सल्टेन्ट प्राविधिकको नाम : | नभएको |
| ५ | ठेक्का कार्यको प्रकृती र मुख्य कार्यहरु : | कवर्ड हल भवन निर्माण कार्य |
| ६ | शुरु लागत अनुमान अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | रु. 47,761,261.24 |

खाँदवारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०८/२४ बैठक संख्याः १४

बैठक प्रारम्भ समयः विहानको ८:०० बजे बैठक समापन समयः बजे

| | | |
|---|---|---|
| ७ | भेरिएशन पश्चात कायम हुने लागत अनुमान अंक ( भ्याट बाहेक) : | रु. 51,577,742.39 |
| ८ | लागत अनुमान घटि वा बढी प्रतिशत : | 7.99% |
| ९ | शुरु सम्झौता अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | रु. 38,483,839.09 |
| १० | भेरिएशन पश्चात कायम हुने रकम (भ्याट बाहेक) : | रु. 42,262,874.74 |
| ११ | ठेक्का अंक घटी वा बढी प्रतिशत : | 9.82% |
| १२ | भेरिएशन गर्नु पर्नाको कारण (मुख्य थपघट भएको विवरण) : | १. उक्त भवनको वरिपरि Retaining Wall हाल्नु परेको, back side wall मा पहिरो गएर stone masonary wall हाल्नु परेको । उक्त stone masonary wall नहालिकन भवनको बाकी काम सुरु गर्न नसकिएको ।<br>२. उक्त भवनको माटोको ढुवानी गर्ने कार्य लागत अनुमानमा छुतेको । |
| १३ | भेरिएशनले ठेक्का अवधि बढ्न वा नबढ्ने : | नबढ्ने । |
| १४ | भेरिएशनमा नयाँ आइटम भएको वा नभएको : | भएको । |
| १५ | भेरिएशनमा नयाँ दररेट भएको वा नभएको : | भएको । |
| १६ | निर्माण कार्यको Drawing, Design तथा Specification बदल्नु पर्ने वा नपर्ने : | नपर्ने । |
| १७ | बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने नहुने : | नहुने । |
| १८ | भेरिएशनको कारण हुने लागत अनुमानको संशोधन शुरु लागत अनुमानको २५ प्रतिशत भन्दा बढी फरक परे वा नपरेको : | नपरेको । |
| १९ | शुरुमा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित हुने वा नहुने : | नहुने । |
| २० | स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको : | परेको |
| २१ | भेरिएशनको प्राविधिक पुष्ट्याई भए वा नभएको : | भएको । |
| २२ | भेरिएशन फर्मेट भए वा नभएको : | भएको । |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

**खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।**

## नगरकार्यपालिकाको बैठक

**बैठक मितिः** २०७९/०८/२४ **बैठक संख्याः १४**

**बैठक प्रारम्भ समयः** विहानको ८:०० बजे **बैठक समापन समयः** बजे

३. गत आ.ब. २०७८/७९ मा पि.एस.-अरुण बरुण जे.भी. संग सम्झौता भई प्रशासनिक तथा व्यवसायिक भवन निर्माण कार्य भईरहेको सन्दर्भमा माटो ढुवानी गर्ने कार्य लागत अनुमानमा छुटेको, निर्माणस्थल खार्दा वरिपरीको जमिन धस्किएकोले बढी माटो काट्नु पर्ने भएको साथै वरिपरीको जमिन धस्सिएको, सार्वजनिक जमिन, निजी घरहरु, सडकहरुलाई थप क्षति हुन नदिन plum concrete wall लगाउनु पर्ने भएको कारण उक्त कार्यका लागि खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सिर्जना भएकोले निम्नानुसार भेरिएशन आदेश खाँदबारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२७ को उपनियम (१) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

खाँदवारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय खाँदवारी सङ्खुवासभा

प्रदेश नं. १

### भेरिएशन आदेश सम्बन्धी विवरण

| सि.नं. | विषय | विवरण |
|---|---|---|
| १ | योजना / कार्यालयको नाम : | **खाँदवारी नगरपालिका** |
| २ | ठेक्का नं. र नाम : | Contract No. KMO/NCB/WORKS/10/078/079, Construction of Administrative and Commercial Building Works, Khandbari-1 |
| ३ | डिजाइन कन्सल्टेन्ट प्राविधिकको नाम : | **Mount Makalu Engineering Pvt. Ltd** |
| ४ | सुपरभिजन कन्सल्टेन्ट प्राविधिकको नाम : | नभएको |
| ५ | ठेक्का कार्यको प्रकृती र मुख्य कार्यहरु : | Construction of Administrative and Commercial Building Works, Khandbari-1 |
| ६ | शुरु लागत अनुमान अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | 97,390,251.41 |
| ७ | भेरिएशन पश्चात कायम हुने लागत अनुमान अंक (भ्याट बाहेक) : | 103,749,011.65 |
| ८ | लागत अनुमान घटि वा बढी प्रतिशत : | 6.53% |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०८/२४ बैठक संख्याः १४

बैठक प्रारम्भ समयः बिहानको ८:०० बजे बैठक समापन समयः बजे

| | | |
|---|---|---|
| ९ | शुरु सम्झौता अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | 64,535,039.18 |
| १० | भेरिएशन पश्चात कायम हुने रकम (भ्याट बाहेक) : | 70,942,599.68 |
| ११ | ठेक्का अंक घटि वा बढी प्रतिशत : | 9.93% |
| १२ | भेरिएशन गर्नु पर्नाको कारण (मुख्य थपघट भएको विवरण) : | उक्त भवनको निर्माण स्थल खार्दा निस्किएको माटोको ढुवानी गर्ने कार्य लागत अनुमानमा छुट भएको. निर्माण स्थल खार्दा वरिपरी को जमिन धस्किएको कारण बढी माटो काट्नु पर्ने भएको ले माटो काट्ने आइटम को परिणाम बढ्न गएको साथै वरिपरी को जमिन धस्किएको कारण सार्बजनिक जमिन तथा सडक मा थप क्षति हुन नदिन वरिपरि plum concrete wall लगाउनु परेको । |
| १३ | भेरिएशनले ठेक्का अवधि बढ्न् वा नबढ्ने : | नबढ्ने । |
| १४ | भेरिएशनमा नयाँ आइटम भएको वा नभएको : | भएको । |
| १५ | भेरिएशनमा नयाँ दररेट भएको वा नभएको : | भएको । |
| १६ | निर्माण कार्यको Drawing, Design तथा Specification बदल्नु पर्ने वा नपर्ने : | नपर्ने । |
| १७ | बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने नहुने : | नहुने । |
| १८ | भेरिएशनको कारण हुने लागत अनुमानको संशोधन शुरु लागत अनुमानको २५ प्रतिशत भन्दा बढी फरक परे वा नपरेको : | नपरेको । |
| १९ | शुरुमा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित हुने वा नहुने : | नहुने । |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक संख्या: १४

बैठक मिति: २०७९/०८/२४

बैठक प्रारम्भ समय: विहानको ८:०० बजे  बैठक समापन समय: बजे

| | | |
|---|---|---|
| २० | स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको : | परेको |
| २१ | भेरिएशनको प्राविधिक पुष्ट्याई भए वा नभएको : | भएको । |
| २२ | भेरिएशन फर्मेट भए वा नभएको : | भएको । |

४. गत आर्थिक बर्षमा नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार मागध कृषि केन्द्रले सम्झौता बमोजिमको कार्य गरेको भनी सोही आ.ब. मा भुक्तानीको लागि माग गरिएकोमा उक्त भुक्तानी कार्य बिलको आधिकारिकता नदेखिएको कारण हुन नसकेको साथै उक्त रकम चालु आ.ब. मा भुक्तानी दिने गरी दायित्व समेत सारिएको हुनाले अनुगमन समितिको सिफारिस र प्राप्त बिल भरपाईको आधिकारिकता हेरी भुक्तानी दिने निर्णय गरियो ।

५. खाँदबारी नगरपालिका उर्जा विकास उप- समिति गठन तथा संचालन कार्यविधि, २०७८ को दफा ३ बमोजिम निम्नानुसार उर्जा विकास उप समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

क) श्री निरञ्जन श्रेष्ठ -संयोजक, वडा नं. १ अध्यक्ष

ख) श्री कृष्ण भगत प्रधान -सदस्य, उद्योग बाणिज्य संघ

ग) श्री राधा ओझा -सदस्य, कार्यपालिका सदस्य

घ) श्री ललिता मगर -सदस्य, कार्यपालिका सदस्य

ङ) श्री दुर्गा मगर -सदस्य, कार्यपालिका सदस्य

च) श्री उमेश श्रेष्ठ -सदस्य, नगर सभा सदस्य

छ) श्री विजय कुमार खड्का -सदस्य-सचिव, खाँदबारी नगरपालिका

सल्लाहकार समिति:

क) श्री महेश्वरा श्रेष्ठ, उप प्रमुख -संरक्षक

ख) श्री युवराज आचार्य, प्रमुख प्रशासकीय अधिकृत

ग) श्री डम्बर घले, कार्यपालिका सदस्य

६. चालु आर्थिक बर्षमा संघीय सरकारबाट हस्तान्तरण भई यस नगरपालिकाले कार्यान्वयन गर्ने गरी स्वीकृत भई आएको मेड्पा कार्यक्रम यस नगरपालिकाको वडा नं. ९ र ११ मा संचालन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिका क्षेत्रभित्र विगतमा निर्माण भएका निम्नानुसार घर भवनहरु नगरपालिकामा अभिलेखीकरण गर्न सर्वसाधारणको जानकारीका लागि १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

विगत वर्षहरुमा भवन नक्सापास भएका तर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका/विगत वर्षहरुमा नक्सापास भएका र पुनः तला थप गरेका तर निर्माण सम्पन्न प्रमाणपत्र नलिएका/नक्सापास नगरी भवन निर्माण भएका भवन निर्माण मापदण्ड, २०७२ लागु हुनु भन्दा अगाडीको हकमा ।

- यस ऐनको दफा ४२ मा नक्सापास सम्बन्धी विशेष व्यवस्था भए अनुरुप यो ऐन प्रारम्भ हुनु भन्दा अगावै अर्थात २०७४/०६/२९ भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम नक्सापास गर्नुपर्नेमा नक्सापास नगरी वा पास भएको नक्सामा स्वीकृती वेगर हेरफेर गरी बनाएको भवनको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना गरेको हकमा ऐन प्रारम्भ भएको मिती २०७४/०६/२९ पछि एकपटकका लागि यस ऐनको दफा ४२ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको व्यवस्था गरी नक्सापास गर्न वा पास भएको नक्सामा हेरफेर गर्न स्वीकृति दिने । अर्थात् सम्बन्धित व्यक्तिलाइ १५ दिनको म्याद दिइ प्रमाणपत्रसाथ दरखास्त दिनका लागि सार्वजनिक सूचना प्रकाशित गर्ने । त्यस्तो म्यादभित्र दरखास्त पर्न आएमा स्थलगत रुपमा प्राविधिक जाँचबुझ गरी साँध तथा सँधियार समेत बुझी भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पुरा भए नभएको भन्ने सम्बन्धमा यकिन गरी सोही बखतको भवन निर्माणसम्बन्धी मापदण्ड र संहिता पुरा भएको यकिन भएमा हाल नक्सापास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नका लागि लाग्ने दस्तुरको तेब्बर दस्तुर लिई नियमित/अभिलेखिकरण गर्ने । तर अपार्टमेन्ट हाउजिङ , होटल तथा व्यवसायिक एवं औधोगिक भवनको हकमा यो व्यवस्था लागु हुँदैन ।
- सार्वजनिक बाटो, साँध सधियार, सन्धीसर्पन आदिलाइ असर गर्ने गरी भवन निर्माण गरेको हकमा पछि न.पा. ले जुकसुकै वखत भवन भत्काउने छ र अन्य तालुक अड्डाले समेत न.पा.को परामर्श लिइ भत्काउन बाधा पर्ने छैन भन्ने जस्ता प्रावधानहरु अभिलेखिकरण पुस्तिकामा नै खुलाएर ऐनको दफा, ४२ बमोजिमको प्रकृया पुरा गरी भवनको नियमित/अभिलेखीकरण गर्ने ।

**भवन निर्माण मापदण्ड, २०७२ लागु पश्चात र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लागु भन्दा अगाडीको हकमा**

- नक्सापास नगरी भवन निर्माण मापदण्ड बमोजिम निर्माण भएको हकमा तेब्बर दस्तुर लिइ नियमित गरी सो भवनको नक्सा दर्ता, १५ दिने सूचना, वडाको सर्जमिन तथा प्राविधिक प्रतिवेदनको आधारमा निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने ।
- नक्सा पास नगरी बनाएका र मापदण्ड विपरीत(फार तथा जि.सि.आर नाघेको/सडक मापदण्ड र सेटब्याक नछोडेको) निर्माण भएको भवनहरुको हकमा तेब्बर दस्तर लिइ कैफियत खुलाएर(मापदण्ड विपरित भवन निर्माण

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित
युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गरेको हुनाले पछि न.पा. ले जुकसुकै वखत भवन भत्काइने छ र अन्य तालुक अड्डाले समेत न.पा.को परामर्श लिइ भत्काउन बाधा पर्ने छैन) भनि अभिलेखिकरण पुस्तिकामा नै खुलाएर भवनको नियमित/अभिलेखीकरण गर्ने ।

८. योगमाया विश्विविद्यालयको केन्द्रीय कार्यालय यस नगरपालिकाको वडा नं. ९ मा स्थापना भई संचालनमा रहेकोले उक्त कार्यालय सोही स्थानबाट संचालन गर्नका लागि नगरपालिकाले पहल गर्ने तथा उक्त कार्यालयको लागि खाँदबारी नगरपालिका-९ निवासी पूर्णमाया थापा मगरलाई १२औं नगरसभाबाट स्वीकृत योजना "योगमाया विश्वविद्यालयका लागि जग्गा खरिद कार्य तथा कार्यालय व्यवस्थापन कार्यका लागि आवश्यक सहयोग" भन्ने कार्यक्रमबाट मासिक रु. २०.०००।– (बीस हजार मात्र) पाउने गरी मिति २०७९/०६/१५ गतेदेखि लागू हुनेगरी कार्यालय सहयोगी पदमा करारमा कामकाज लगाउने निर्णय गरियो ।

९. यस नगरपालिका क्षेत्रभित्र नगरपालिकाले नै संचालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरीवेक्षण गर्नको लागि योजना अनुगमन समितिले समय, नगरपालिकाको भौगोलिक अवस्था र श्रोत साधनको सीमितताको कारण सबै अनुगमन गर्न असहज हुने स्थिती भएकोले रु.५ लाखभन्दा कम लागत अनुमान भएका योजना तथा कार्यक्रमहरु वडा अध्यक्षको संयोजकत्वमा वडा समितिका पदाधिकारीहरु, वडा सचिव र सम्बन्धित वडाको प्राविधिक समेत रहेको टोलिले अनुगमन गर्ने गरी अनुगमन समितिमा रहेको अधिकार प्रत्यायोजन गर्ने र सोही आधारमा रकम भुक्तानी हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

१०. यस नगरपालिकाले आफ्नै श्रोतबाट तलब भत्ता व्यहोर्ने गरी नियुक्त भएका साथै प्रदेश तथा संघीय सरकारबाट हस्तान्तरित विभिन्न कार्यक्रमहरुमा करारमा नियुक्त भएका सबै कर्मचारीहरुको मिति २०७९ पौष मसान्तसम्म करार अवधि थप गर्ने निर्णय गरियो ।

११. आगामी पौष ४ देखि ६ गतेसम्म काठमाडौंमा सम्पन्न हुन गई रहेको नगरपालिका राष्ट्रिय महासंघको अधिवेशनमा सहभागि हुनका लागि नगर प्रमुख र उपप्रमुखलाई निमन्त्रणा प्राप्त भएकोमा उक्त कार्यक्रममा नगर प्रमुख र उपप्रमुख सहभागि हुने र सोको लागि लाग्ने प्रवेश शुल्क तथा अन्य खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

१२. नगर क्षेत्रभित्र हाल नगरपालिकाले आफ्नै व्यवस्थापनमा फोहोरमैला व्यवस्थापन गर्दै आएकोमा यस अघि सार्वजनिक निजी साझेदारीका आधारमा फोहोरमैला व्यवस्थापन गर्ने भनी सूचना प्रकाशन गरिएको र सो सूचना अनुसार प्राप्त प्रस्तावहरु मध्ये नगरपालिकाको आर्थिक दायित्व घट्ने गरी उपयुक्त प्रस्ताव छनौट गरी फोहोरमैला व्यवस्थापन कार्य अगाडि बढाउने निर्णय गरियो ।

१३. यस नगरपालिका क्षेत्रभित्र स्थापना भई संचालनमा रहेका विभिन्न खानेपानी उपभोक्ता संस्थाहरुको खानेपानी व्यवस्थापन कार्य, आम्दानी तथा खर्चको पारदर्शीता र अनुगमन गर्नका लागि नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृत रहेको एक समिति गठन गर्ने, सम्बन्धित उपभोक्ता संस्थाहरुको आम्दानी खर्चको विवरण

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०८/२४ बैठक संख्या: १४

बैठक प्रारम्भ समय: विहानको ८:०० बजे बैठक समापन समय: बजे

नगरपालिकामा मासिक रुपमा नगरपालिकामा पठाउनु पर्ने व्यवस्था गर्ने र सम्पूर्ण उपभोक्ता संस्थाहरुलाई एकिकृत गरी एकद्वार प्रणालीबाट संचालन गर्न साथै खानेपानी उपभोक्ता संस्थाहरुको नियमन तथा संचालनको लागि कार्यविधि तयार गरी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

१४.विभिन्न विपद् तथा रोगद्वारा पिडित भई निम्नानुसार व्यक्तिहरुले आर्थिक सहायता पाउनका लागि यस नगरपालिकामा निवेदन प्राप्त भएकोले निम्नानुसार रकम राहत स्वरुप प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | व्यक्तिको नाम थर | ठेगाना | माग गरेको कारण | रकम | सम्बन्धित शिर्षक |
|---|---|---|---|---|---|
| १ | मीना राई | खाँदबारी-६ | पाठेघर अपरेशन | २०,०००।– | आकस्मिक कोष |
| २ | अलक बहादुर बि.क. | खाँदबारी-८ | क्यान्सर | २५,०००।– | आकस्मिक कोष |
| ३ | गीता दर्जी | खाँदबारी-३ | ढाडको समस्या | १५,०००।– | आकस्मिक कोष |
| ४ | सुदिपा श्रेष्ठ बानियाँ | खाँदबारी-३ | प्यारालाइसिस भएको | १५,०००।– | आकस्मिक कोष |
| ५ | राजेश तामाङ | खाँदबारी-३ | क्यान्सर रोगी | ३५,०००।– | आकस्मिक कोष |
| ६ | तारा कोइराला | खाँदबारी-१ | घर आगलागी | ५०,०००।– | आकस्मिक कोष |
| ७ | सम्राट चापागाईं | खाँदबारी-१ | मुटुको उपचार | ३०,०००।– | आकस्मिक कोष |

१५.खाँदबारी नगरपालिका-५ निबासी जगदिश पुरीले गत आ.ब. मा संघीय सरकारबाट प्राप्त कार्यक्रम अनुसार उन्नत जातको बिउ बोका खरिद गरेको तर कारणबश उक्त रकम भुक्तानी हुन नसकेको र निजले रकम भुक्तानी पाउँ भनी निवेदन दिएको कारण चालु आ.ब. मा नगरपालिका, प्रदेश सरकार र संघीय सरकारको मिल्दोजुल्दो शिर्षकबाट रु. ४५ हजार भुक्तानी दिने निर्णय गरियो ।

१६.उप प्रमुखको पदबहालीको क्रममा खाँदबारी नगरपालिकाको तर्फबाट विभिन्न सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने निर्णय भएकोमा लक्षित वर्गलाई प्रदान गरिने उक्त भत्ता तथा सुविधालाई कार्यविधि निर्माण गरी वितरण गर्ने निर्णय गरियो ।